सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ८ ♦ अंक ४९ ♦ २०८१ साल भदौ २९ गते शनिवार ♦ 14 Sep 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## मधेश प्रदेश सभाबाट खेलकुद विधेयक सर्वसम्मतिले पारित



**खबर दर्पण समाचारदाता**

**भदौ २८ गते, जनकपुरधाम**

मधेश प्रदेशसभाको आजको बैठकले प्रदेश खेलकुद विकास गर्न बनेको विधेयक सर्वसम्मतिले पारित गरेको छ। मधेश प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालले प्रदेशसभामा प्रस्तुत गर्नुभएको उक्त विधेयक पारितका लागि प्रस्ताव गर्नुभएको थियो। प्रदेशसभाको आजको बैठकमा प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले खेलकुद विधेयक ध्वनि मतको आधारमा सर्वसम्मतिले पारित गरेको घोषणा गर्नुभयो।

यसअघि, प्रदेशसभामा विधेयकका विषयमा उठेका जिज्ञासाहरूको बारेमा जवाफ दिनुहुँदै मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री जयसवालले मधेश प्रदेशमा खेलकुद, खेलाडी मनोबल उठाउन, खेल संस्कृतिको निर्माण गरि प्रदेशमा खेलको र म्रो वातावरण निर्माण गर्नका लागि विधेयकले महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गर्नुभयो।

उहाँले विधेयक पारित भएपछि प्रदेश भरिका खेलाडीहरूले शुक्रवार साँझ दीपावली गर्ने तयारी गरेको भन्नुहुँदै प्रदेश सरकारले विधेयक पारित भएको दिन वा प्रमाणीकरण भएका दिनमा प्रदेशमा खेलकुद दिवस मनाउने बताउनुभयो।

यसअघि, छलफलमा भाग लिँदै नेकपा एमालेका उपनेता दिपेन्द्र ठाकुरले मधेशमा खेलकुदको वातावरण निर्माण गर्न तथा खेलाडीको मनोबल बढाउनका लागि ऐन आवश्यक भएको बताउँदै ढिलो गरि भए पनि ऐन आएकोमा खुशी व्यक्त गर्नुभयो।

उहाँले मधेश प्रदेशमा खेलकुदको व्यापक सम्भावना भएको भन्नुहुँदै मधेश प्रदेशमा कुस्ती, कबड्डी, क्रिकेटको व्यापक सम्भावना भएकाले वडा वडामा प्रशिक्षण गरेर काम गरेको खण्डमा ओलम्पिकमा पनि स्वर्णपदक आउने सम्भावना भएकोले त्यस अनुसारको वातावरण निर्माण गर्न आवश्यक भएको बताउनुभयो।

विधेयकमाथि बुधबारदेखि नै छलफल भएको थियो। आजको बैठकमा भाग लिनेहरूमा प्रदेशसभाका सदस्यहरु जीवछी यादव, शारदा देवी थापा, विना देवी शर्मालगायतले सुझावहरू दिनुभएको थियो।

## जउबासंघ निर्वाचन : निर्वाचनको पूर्व सन्ध्यामा उम्मेदवारहरुको शक्ति प्रदर्शन



**खबर दर्पण समाचारदाता**

**भदौ २८ गते, जनकपुरधाम**

जनकपुरधाम उद्योग बाणिज्य संघको नयाँ नेतृत्व चयनका लागि भोली शनिवार हुने निर्वाचनको पुर्व सन्ध्यामा अध्यक्ष पदका तीनजना सहित विभिन्न पदका उम्मेदवारहरु शक्ति प्रदर्शन गरेका छन्।

अध्यक्षका प्रत्यासी मनिष रमण साहले ३ बजे माँ राजदेवी मन्दिर बाट, सुरेन्द्र भण्डारीले चारबजे रामचौक श्री गणेश मन्दिरबाट र जितेन्द्र प्रसाद साह रामचौकको राम युवा कमिटि माँ बौद्धी देवी मन्दिर प्राङ्गणबाट समर्थन रयाली निकालेका थिए।

तिनैजना उम्मेदवारहरुको आफनै दावी र प्रचार प्रसार सहितको नारा थियो। रमणसंग कांग्रेस र भण्डारीसंग एमालेका नेता कार्यक्रताहरुको बाक्लो उपस्थिती थियो।

रमणसंग उपाध्यक्षमा सर्वसम्मत भएका लक्ष्मण साह पनि र यालीमा संगै देखिए।

"स्वस्थ रहौं, खुसी र सुखी रहौं"

स्वास्थ नै धन हो।

स्वस्थ/निरोगी र दिर्घायु जिवनका लागि खानपान सम्बन्धि ब्यवहारहरु।

१. हरेक दिन विभिन्न थरिका खानेकुराहरु खाने।
२. हरेक दिन प्रयाप्त मात्रामा फलफूल र हरिया साग सब्जी खाने।
३. हरेक दिन दाल र गेडागुडी खाने।
४. माछा, मासु वा अण्डा नियमित रुपमा खाने।
५. हरेक दिन दुध र दुधजन्य खानेकुराहरु खाने।
६. खाना पकाउँदा तेल वा घ्यु थोरै मात्रामा प्रयोग गर्ने।
७. स्वास्थ्यमा हानी पुऱ्याउने खाना सम्बन्धी अन्ध विश्वासबाट सावधान रहने।
८. खानामा कम मात्रामा सधै आयोडिन युक्त नुन मात्र प्रयोग गर्ने।
९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा खाने।
१०. हरेक दिन ताजा र सफा खाना खाने र प्रयाप्त मात्रामा पानी पिउने।
११. नियमित रुपमा शारीरिक ब्याम गर्ने।
१२. परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टीक खाना खाने।
१३. पौष्टिक तत्व कम भएका एवं बढि गुलिया, चिल्ला र नुनिला तयार पारेका खानेकुराहरु कम खाने।
१४. मदिरा जन्य पेय पदार्थ उपभोग नगर्ने।
१५. शिशुलाई प्रयाप्त मात्रमा स्तनपान गराउने।
१६. शिशु ६ महिना पुरा भएपछी स्तनपानको साथसाथै थप खाना खुवाउने।
१७. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुराहरु खाने।
१८. बद्दो उमेरका किशोर किशोरीहरुले खानपान सम्बन्धि स्वस्थ बानी बसाल्ने।
१९. जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने।

जिल्ला स्वास्थ्य कार्यालय,
धनुषा, जनकपुरधाम, मधेस प्रदेश



# शनिवारीय साहित्य

## गजल

दुनिया के सब से सुन्दर हमर आइख नै,
हमर मन पसन्द केने है आहा के ।
बेफिकर रहु आहा, हमरा शरीर मे एक मुठी सास रहत,
तालेतक सिना के भित्री सिरिफ अहि रहब ।
सब बातचित तियाइग क लाखो मे एक,
हमर दिल बहुत जादा चाहै है आहा के ।
परिस्थिति केहनो कैला नै चैल औतै लेकिन,
जे हात पकरने छिय उ हात बिच बाट मे नै छोरब कि प्रीय।
हम पुरा दुनिया भुलाक मन से सच्चा प्रेम,
आउर अटुट विश्वास करै छिय आहा पर ॥ ??
my dear हमर वाइफ



**शम्भु ठाकुर**
मिथिला नगरपालिका
-९ बेङगाडावर, धनुषा

## बिर्सियो नभन्नू है सानू

बिर्सियो नभन्नू है सानू
नदुखाऊ भन्छ मन खै तर दुखेकै छ
उनको यादले पनि कुटुक्क खाए कै छ
बिर्सियो नभन्नू है सानू
आँसुले सम्फनामा सिरानी भिजाएकै छ ।२।
बुझ्न चाहेनन् मनका भावनाहरू
लाग्छ त्यसै निर्दोष आँसु बगेकै छ
उनको दैलोमा पैला टेकेर
लाग्छ उनकै यादहरूले भारी बिसाएकै छ ।२।
बिर्सियो नभन्नू है सानू
आँसुले सम्फनामा सिरानी भिजाएकै छ ।२।
उनको संसारमा म नअटाए पनि
मेरो संसारमा उनी अटाएकै छ
एक्लै दोबाटोमा साथ छोडे पनि
यो मनले त अथाह माया लाएकै छ
बिर्सियो नभन्नू है सानू
आँसुले सम्फनामा
सिरानी भिजाएकै छ ।२।



**-मङ्गोलियन राज**
लालबन्दी-१५, सर्लाही

## बालदिवस


बालबालिकाका नै समस्याहरू लेख्ने खै कसले होला ?
दूर दराजमा दुःख पाकालाई देख्ने खै कसले होला ?

दुई चारवटा कार्यक्रममै बालदिवस सीमित भो
बाआमा नभाका पढ्न नपाकालाई भेट्ने खै कसले होला?

बालबालिकाकै नाममा आउने गरेका सहयोगहरू
पर्याप्त छैन हुन्छ कहा खर्च ? छेक्ने खै कसले होला ?

साठी औ दिवस् शिक्षामा लगानी सुनिश्चित भविष्यको थालनी
नारामा मात्र हैन व्यवहारमा रहर मेट्ने खै कसले होला ?

**-तुलसा भट्टराई**
उदयपुर




## औरही नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय, महोत्तरी

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*



## मठिहानी पालिका
### नगर कार्यपालिकाको कार्यालय, महोत्तरी



**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

**थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।**

*प्रमुख प्रशासकीय अधिकृत*


## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# एकीकृत वचत तथा ऋण सहकारी संस्था २३ लाख नाफामा

**खबर दर्पण समाचारदाता**
**भदौ २८ गते, बर्दिवास**

एकीकृत वचत तथा ऋण सहकारी संस्थाको पाँचौ बार्षिक साधारणसभामा आर्थिक बर्ष २०८०-८१ मा १ करोड ९७ लाख २८ हजार ३ सय ५६ रुपैयाँ वास्तविक नाफा सार्वजनिक भएको छ ।

३ हजार ८२ जना सदस्यहरु मध्ये सेयर रकम मात्र १ करोड ७० लाख ६ सय पुगेको कोषाध्यक्ष हेम वहादुर लामाले वताए ।

सुक्रवार गौतम होटलमा आयोजना भएको साधारणसभामा १० करोड ९२ लाख ८५ हजार १ सय २१ रुपैयाँ वचतवाट ११ करोड ६४ लाख ७२ हजार ७ सय ७९ रुपैयाँ ऋण लगानी भएको एकीकृत वचत तथा ऋण सहकारीले जनाएको छ ।

आर्थिक बर्ष २०८०-८१ मा संस्थाको कुल नाफा मात्र २३ लाख ६२ हजार ४४ रुपैयाँ रहेको अध्यक्ष उत्तम श्रेष्ठले जानकारी दिए ।

सचिव विनोद अधिकारीका अनुसार आर्थिक बर्ष २०८१-८२ मा सेयर पुजी १ करोड ८१ लाख ६ सय, ऋण लगानी १३ करोड ३३ लाख ७२ हजार ७ सय ७९, सदस्य संख्या ३३ सय ९२ जना पुऱ्याउने लक्ष्य रहेको छ ।

विभिन्न सामाजिक कार्यमा समेत सक्रिय वन्दै आएको संस्थाले सहकारीको दर्शन, सिद्धान्त, मूल्य,मान्यता, आचरण र कार्यशैलीलाई अनुसरण गरेर अगाडि वढेको हुनाले सामाजिकरुपमा छुट्टै पहिचान वनाएको जिल्ला सहकारी संघ महोत्तरीका अध्यक्ष रामनारायण साहको भनाई छ ।



राष्ट्रिय सहकारी माहासंघकी केन्द्रिय सदस्य सारदा दाहालले स्थानिय सरकारले सहकारी संचालन र यसभित्रको अप्ठ्यारोमा नगरले सावधान गर्न सक्ने वताउदै स्थानिय सरकार उद्दार हुनुपर्ने धारणा राखिन ।

नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले भने विकास र संस्थागत विकासमा आफु उद्दार रहेको वताए । सवै जनासँग हातेमालो गरेर नै काम गरिरहेको वताउदै नगरप्रमुख क्षेत्रीले सवै सहकारीहरूलाई कार्ययोजना वनाएर आउँन आग्रह गरे ।

त्यसैगरी उद्योग बाणिज्य संघ बर्दिवासका अध्यक्ष बिष्णु खडकाले बर्दिवासमा दीर्घकालीन विकासका आधारहरु तयार गर्न स्थानीय सरकारले अग्रसरता देखाउनु पर्ने र यसमा सबै क्षेत्रबाट बिना सर्त सहयोग गर्नु पर्ने बताए ।


**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, महोत्तरी**

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनेसम्बन्धी अत्यन्त जरुरी सूचना !**

सामाजिक सुरक्षा नियमावली, २०७६ (पहिलो संशोधन)को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले आ.व. ०८०/८१ मा पनि नियमित भत्ता प्राप्त गर्न साउन १ देखि भदौ मसान्तभित्र परिचयपत्र नवीकरण गरिसक्नुपर्ने भएको हुँदा समयमै नवीकरण गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । दलित बालबालिका, पूर्ण अपाङ्गता भएका र ९० वर्षमाथिका आफैं उपस्थित हुन नसक्ने व्यक्तिका हकमा निजका बाबुआमा वा संरक्षक उपस्थित भई नवीकरणका लागि आवेदन दिन सक्नेछन् । तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता प्रदान गरिनेछैन ।

**आवश्यक कागजातहरू**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- पासपोर्ट साइजको फोटो २ प्रति,
- सामाजिक सुरक्षा परिचयपत्र,
- बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता प्रमाणपत्रको प्रतिलिपि,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्यत्र विवाह नगरेको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस ।

*नोट : सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ बमोजिम म्यादभित्र नवीकरण नभएमा लाभग्राहीको लगत कट्टा हुने र भत्ता प्राप्त हुनेछैन । साथै, लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राही सूचीकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहीअनुसार गर्नु/गराउनुहुन सम्पूर्णमा जानकारीका लागि अनुरोध छ ।*

थप जानकारीको लागि पालिकाको पञ्जीकरण शाखामा सम्पर्क गर्न सक्नुहुन्छ ।

*प्रमुख प्रशासकीय अधिकृत*






सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्य सम्झनु होस् ।

**शिरीष अफसेट प्रेस**

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

- पत्रिका
- क्यालेण्डर
- रजिष्टर, डाइरी
- किताब
- परीक्षा कपी
- पर्चा पम्पलेट
- बिल, भाउचर
- स्क्रिन प्रिन्ट
- विवाह कार्ड
- प्रमाण पत्र
- भिजिटिङ्ग कार्ड
- झोला प्रिन्ट
- रबर स्टाम्प
- फ्लेक्स प्रिन्ट
- ब्यानर प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- स्टिकर
- फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# एकीकृत अखिल नेपाल शिक्षक संगठनको पाँचौ जिल्ला परिषद सम्पन्न

**खबर दर्पण समाचारदाता**
**भदौ २८ गते, जनकपुरधाम**

एकीकृत अखिल नेपाल शिक्षक संगठनको आयोजनामा पाँचौं जिल्ला परिषद् कार्यक्रम सरस्वती मावि ठिल्लामा सफलतापूर्वक सम्पन्न भएको छ। कार्यक्रमको अध्यक्षता जिल्ला अध्यक्ष धर्मेन्द्र यादवले गरेका थिए, जसमा प्रमुख अतिथिको रूपमा नेकपा माओवादी केन्द्र धनुषा जिल्ला इन्चार्ज श्रवण बरबरियाले उपस्थिति जनाएका थिए।

उक्त कार्यक्रममा विशेष अतिथिका रूपमा पूर्व शिक्षा, विज्ञान तथा प्रविधि राज्य मन्त्री बोध माया यादव र सबैला नगरपालिकाका नगर प्रमुख कारी राम यादव अखिल नेपाल शिक्षक संगठनका केन्द्रिय उपमहासचिव दिनेश कुमार राय, मधेश प्रदेश अध्यक्ष भूप नारायण अधिकारी पनि सहभागी भएका थिए।

कार्यक्रममा प्रमुख अतिथि वरबरियाले शिक्षाको क्षेत्रमा शिक्षकहरूको भूमिकाको महत्वबारे विशेष सम्बोधन गरे।

कार्यक्रम सञ्चालन एकीकृत अखिल नेपाल शिक्षक संगठनको जिल्ला सचिव मनोज यादवले गरेका थिए।

यस अवसरमा जिल्ला भित्रका विभिन्न विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो, जसमा एकीकृत अखिल नेपाल शिक्षक संगठन धनुषाको पूर्व अध्यक्ष जुगेश्वर यादव लगातका शिक्षक नेताहरु गुलाब यादव, अनिता यादव, देव नन्दन ठाकुर सहितको शिक्षकहरूका समेत उपस्थिति रहेको थियो।

परिषदकाा शिक्षकहरूको हक अधिकार, शिक्षा प्रणालीमा सुधार , र समावेशी शिक्षाका विषयमा गहन छलफल भएको थियो। कार्यक्रमले शिक्षा क्षेत्रमा सुधार र शिक्षकहरूको योगदानको महत्वलाई थप उजागर गरेको छ।

# महोत्तरीमा बाघ देखिएको हल्लाले स्थानिय त्रसित

## देखिएको जन्तु हुडार हुन सक्ने जिल्ला वन कार्यालयको भनाई

**खबर दर्पण समाचारदाता**
**भदौ २८ गते, बर्दिवास**



फोटोहरु सांकेतिक हुन् । यो इन्टरनेटबाट डाउनलोड गरिएको हो।

महोत्तरीमा बाघ देखिएको हल्ला पुष्टि नभएको जिल्ला वन कार्यालयले जनाएको छ । वलवा नगरपालिका र लोहारपट्टी नगरपालिकाको मध्यमा पर्ने रौजा मजार नजिकैको रातु नदीको वांध क्षेत्रभित्र बाघ देखिएको हल्लापछि जिल्ला वन कार्यालय महोत्तरीले सो को सोधिखोजि गरेपछि बाघ नै भएको कुरा कही कतैबाट पुष्टि नभएको जिल्ला वन कार्यालय महोत्तरीका प्रमुख डिभिजनल वन अधिकृत अजय कुमार मिश्रले बताएका छन् ।

उनले विहानै विभिन्न ठाँउबाट बाघ देखिएको जिज्ञासा आएपछि वन कार्यालयको टोली बाघ देखिएको सम्भावित क्षेत्रमा गई सोधपुछ गर्दा देखिएको जन्तु बाघ नै भएको कुनै प्रमाणित आधार नभएको बताए। प्रमुख मिश्रले स्थलगत तथ्यको आधारमा देखिएको जन्तु हुडार हुन सक्ने बताएका छन । तथापी उनले खोजि जारी रहेको बताए ।

यता मिथिला वाईल्ड लाईफ ट्रस्टका संस्थापक तथा वन्यजन्तु विज्ञ देव नारायण मण्डलले महोत्तरी क्षेत्रमा पछिल्लो केहि वर्ष यता बाघ देखिएको कुनै घटना नभएको बताउदै हुडारलाई नै देखेर बाघ भएको हल्ला फैलिएको हुन सक्ने बताए । उनले हुडारको जिउमा समेत बाघकै जस्तो कालो धर्सा हुने भएकोले टाढाबाट हेर्दा स्थानियहरुले हुडारलाई नै बाघ सम्झेको हुन सक्ने बताए । तथापी वर्तमान समयमा वन जङगल मासिरहेकोमा खानाकै खोजिमा बाघ र चितुवा जस्ता जङगली जनावर मानव वस्तीमा पस्न सक्ने सम्भावनालाई नकार्न नसकिने बताए ।

महोत्तरीमा बाघ देखिएको भन्दै हल्ला फैलिए पनि स्थानिय जनप्रतिनिधि र प्रहरीबाट समेत यसको यसको पष्टि गरिएको छैन ।



"स्वस्थ रहौं, खुसी र सुखी रहौं"

**स्वास्थ नै धन हो ।**

स्वस्थ/निरोगी र दिर्घायु जिवनका लागि खानपान सम्बन्धि ब्यवहारहरु ।

१. हरेक दिन विभिन्न थरिका खानेकुराहरु खाने ।
२. हरेक दिन प्रयाप्त मात्रामा फलफूल र हरिया साग सब्जी खाने ।
३. हरेक दिन दाल र गेडागुडी खाने ।
४. माछा, मासु वा अण्डा नियमित रुपमा खाने ।
५. हरेक दिन दुध र दुधजन्य खानेकुराहरु खाने ।
६. खाना पकाउँदा तेल वा घ्यु थोरै मात्रामा प्रयोग गर्ने ।
७. स्वास्थ्यमा हानी पुऱ्याउने खाना सम्बन्धी अन्ध विश्वासबाट सावधान रहने ।
८. खानामा कम मात्रामा सधै आयोडिन युक्त नुन मात्र प्रयोग गर्ने ।
९. गुलिया र चिल्ला खानेकुरा कम मात्रामा खाने ।
१०. हरेक दिन ताजा र सफा खाना खाने र प्रयाप्त मात्रामा पानी पिउने ।
११. नियमित रुपमा शारीरिक ब्याम गर्ने ।
१२. परम्परागत तथा स्थानीय स्तरमा पाईने पौष्टीक खाना खाने ।
१३. पौष्टिक तत्व कम भएका एवं बढि गुलिया, चिल्ला र नुनिला तयार पारेका खानेकुराहरु कम खाने ।
१४. मदिरा जन्य पेय पदार्थ उपभोग नगर्ने ।
१५. शिशुलाई प्रयाप्त मात्रमा स्तनपान गराउने ।
१६. शिशु ६ महिना पुरा भएपछी स्तनपानको साथसाथै थप खाना खुवाउने ।
१७. गर्भवती र स्तनपान गराउने आमाले थप पोषिला खानेकुराहरु खाने ।
१८. बढ्दो उमेरका किशोर किशोरीहरुले खानपान सम्बन्धि स्वस्थ बानी बसाल्ने ।
१९. जेष्ठ नागरिकको खानपानमा विशेष ध्यान दिने ।

जिल्ला स्वास्थ्य कार्यालय,
महोत्तरी, जलेश्वर, मधेस प्रदेश






खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,